REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 17.10.2024

---

## Railway Reservation

केन्द्र सरकारले रेलगाड़ीहरूमा अग्रिम आरक्षणको वर्तमान समय सीमालाई एक सय बीस दिनदेखि घटाएर साठी दिन गर्ने निश्चय गरेको छ।

रेल मन्त्रालयले एउटा परिपत्रमा भनेको छ नयाँ नियम आउँदो महीना पहिलो तारीकदेखि लागू हुनेछ तथापि यसै महीना एकतीस तारीक सम्मका सबै बुकिङ्ग यथावत् रहनेछन्।

मन्त्रालयको भनाइमा विदेशी पर्यटकहरूका लागि तीन सय पैंसाठी दिनको सीमामा कुनै परिवर्तन गरिएको छैन।

---

## CM

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज पंचकुलामा हरियाणाका मुख्यमन्त्री श्री नायन सिंह सेनीको शपथ ग्राहण समारोहमा सहभागी हुनुभयो।

हरियाणाका राज्यपाल श्री बन्दारू दत्तात्रेयले उहाँलाई दोस्रो पटक मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गराउनुभयो।

यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय गृह मन्त्री श्री अमित शाह, रक्षा मन्त्री श्री राजनाथ सिंह र अन्य गन्यमान्य व्यक्तिहरूको उपस्थिती थियो।

---

## Soreng DC Meeting

सोरेङका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री धरीज सुबेदीले आज सोरेङ च्याखुङ समस्टिको आगामी उपचुनाउको तयारीवारे विचारविमर्श गर्न नोडल अधिकारीहरू, क्षेत्र मजिस्ट्रेट र क्षेत्र पुलिस अधिकारीहरूसित बैठक गर्नुभयो।

यसमा श्रमशक्ति प्रशिक्षण चुनाउ सामग्रीहरू पठाउने, कानुन औ व्यवस्था, इलेक्ट्रोनिक भोटिङ मशिन प्रवन्धन अनि डाक तथा गृह मतदान जस्ता मतदानका तरीकाहरूको चर्चा गरियो।

श्री सुवेदीले चुनाउ प्रक्रिया पूरा नभएसम्म तालमेल राखेर काम गर्नुपर्ने आवश्यकतामाथि र नाम्चि सिंगिथाम समस्टिको उपचुनाउ तेह्र नवम्वरमा हुनेभएको छ।

---

## Tourism Festival

गेजिङ जिल्लाको याङथाङ समस्टि अन्तर्गत दराप गाउँमा हिजोदेखि पहिलो वार्षिक तोङसचुम ग्रामीण पर्यटन उत्सव 2024 शुरू भएको छ।

मन्त्री तथा क्षेत्र विधायक श्री भीमहाङ सुब्बाले यसको उद्घाटन गर्नुभयो।

दराप पर्यटन विकास समितिद्वारा आयोजित उत्सवको उद्देश्य पर्यटनद्वारा क्षेत्रको सांस्कृतिक चिन्हारी र विरासतलाई प्रकाशमा ल्याउनु रहेको छ।

आफ्नो वक्तव्यमा मन्त्री श्री सुब्बाले स्थानीय संस्कृति समाहित ढिगो पर्याटनको महत्ववारे अवगत गराउनुभयो र भन्नुभयो यसले आर्थिक विकास सँगसँगै क्षेत्रको प्राकृतिक सुन्दरताको संरक्षणमा टेवा पुऱ्याउँछ।

यस उत्सवले स्थानीय कारिगर, र उतापादहरू प्रदर्शन गर्ने मञ्च प्रदान गर्ने आशा गरिएको छ।

उद्घाटन समारोहपछि मुख्य अतिथि र  अन्य गन्यमान्य व्यक्तिहरूले प्रदर्शनी स्थलको भ्रमण गर्नुभयो।

यसमा स्थानीय फूलहरू, हस्तनिर्मित बाँस शिल्प, स्वयं सहायता समूहहरूद्वारा कोदोका उत्पादहरू र पारम्परित कपड़ा प्रदर्शित गरिएका छन्।

यो उत्सव बीस अक्तूबरमा समाप्त हुनेछ।

आज दोस्रो दिनको कार्यक्रमलाई सम्वोधन गर्दै क्षेत्र विधायक तथा पर्यटन विभागका सल्लाहकार श्री सुदेश कुमार लिम्वुले भन्नुभयो यस्तो उत्सव आयोजनाले समुदायको पारम्परिक मूल्य प्रवर्ध्दन हुनेछ ।

यसमा गृहवास तथा साहसिक पर्यटनमाथि चर्चा गरियो ।

तोङ्सुङ्को अर्थ बाली उठ्ने परम्परा रहेको बताइन्छ ।

---

## NLMT

केन्द्रीय ग्रामीण विकास मन्त्रालयको रास्ट्र स्तरीय देखरेख टोलीले आज मंगनमा जिल्ला अधिकारीहरूसित बेठक गरयो ।

जिल्लामा ग्रामीण विकास तथा पञ्चायती राज मन्त्रालयका कार्यक्रम कार्यान्वयवारे जानकारी लिनु भ्रमणको उद्देश्य थियो ।

मंगनकी अतिरिक्त जिल्लाधीश श्री पेमा वाङ्छेन नामकारपाको अध्यक्षतामा बसेको बैठकमा रास्ट्रिय टीमले विभिन्न हवजवाहक कार्यक्रमहरूको प्रगति र कार्यान्वयम स्तरको जाँच गरे ।

---

## Valmiki Jayanti

सारा देशमा आज वाल्मीकि जयन्ती मनाइयो । यो रामायणका रचयिता महर्षि वाल्मीकिलाई आदिकवि र संस्कृत भाषाका प्रथम कविको रूपमा पनि जानिन्छ ।

यसैवीच वाल्मीकि जयन्तीको अवसरमा आरिथाङ समस्टिका विधायक तथा ग्रामीण विकास मन्त्री श्री अरूण कुमार उप्रेतीले आज आरिथाङमा वाल्मीकि मन्दिरको उद्घाटन गर्नुभयो ।

यस अवसरमा पूजा अर्चनी गर्नका साथै सेवा र दयाभावप्रति समुदायको प्रतिवध्दता वयक्त गर्दै रगीब तथा वञ्चित वर्गलाई भोजन गराइयो ।

---

## Former MLA Resigned

गान्तोक समस्टिकी पूर्व विधायक तथा सिक्किम प्रजातान्त्रिक मोर्चा एस डि एफ की वरिस्ठ नेता श्रीमती मणिता प्रधानले पार्टीवाट राजिनामा दिनुभएको छ।

एस डि एफ अध्यक्ष श्री पवन चामलिङलाई पठाइएको पत्रमा उहाँले केही समयका लागि सक्रिय राजनीतिक क्रियाकलापहरूवाट टाढ़ा रहने कुरो बताउनुभएको छ।

श्रीमती प्रधानले उन्नाइस नवासीदेखि उन्नाइस सय चौरानब्बे सालसम्म गान्तोकको विधायकको रूपमा कार्य गर्नुभएको हो।

---

## Athletics

ओडिसाको भूवनेश्वरमा हालै आयोजित पैंतिसौ पूर्वी क्षेत्र एथलेटिक्स प्रतियागितामा सिक्किमका खेलाड़ीहरूले तीनवटा पदक जितेका छन्।

सिक्किम एथलेटिक संघका सदस्यहरूलाई एउटा स्वर्ण र दुईवटा कास्य पदक प्राप्त भएको छ।

प्रतियागिता पूर्वोत्तर राज्यहरू, पश्चिम बंगाल, ओडिसा, बिहार र झारखाण्डवीच भएको थियो।

यसको आयोजना भारतीय एथलेटिक्स महासंघले गरेको थियो।

प्राप्त रिपोर्ट अनुसार यसै महीनाको अन्तमा आयोजन गरिने जुनियर नेशनल Athletics मिट मा सिक्किमका आठजना खेलाड़ीहरूको राज्यको प्रतिनिधित्व गर्नेछन्। इस्ट जोन एथलेटीक्स मीट मा प्रदर्शनका आधारमा उनीहरूलाई चयन गरिएको हो।

---